रुरुक्षेत्र गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: ३ मिति: २०७७/०५/२ (अतिरिक्तांक)

भाग-२

रुरुक्षेत्र गाउँपालिका

गुल्मी, ५ नं.प्रदेश

## रुरुक्षेत्र गाउँपालिकाको निर्माण व्यवसायको व्यवस्थापन र नियमन गर्न बनेको निर्देशिका, २०७७

सम्बत २०७७ को *निर्देशिका* नं.३ *गाउँ कार्यपालिका बाट स्वीकृत* मिति :२०७७/०५/२

# रुरुक्षेत्र गाउँपालिकाको निर्माण व्यवसायको व्यवस्थापन र नियमन गर्न बनेको निर्देशिका, २०७७

गाउँ कार्यपालिकाबाट स्विकृत मिति :२०७७ साल भाद्र २ गते

प्रस्तावना : रुरुक्षेत्र गाउँपालिकाको सार्वजनिक निर्माण कार्यहरु गुणस्तर कायम राख्न निर्माण व्यवसायीहरुको प्रवर्द्धन तथा विकास गरी निर्माण व्यवसाय संचालन गर्ने सम्बन्धमा (घ) वर्गको निर्माण व्यवसाय सञ्चालन गर्ने व्यवसायी, फर्म/कम्पनीको दर्ता र नविकरण र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिम रुरुक्षेत्र गाउँपालिकाले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम रुरुक्षेत्र गाउँपालिकाको निर्माण व्यवसायको व्यवस्थापन र नियमन गर्न बनको निर्देशिका, २०७७ रहेको छ ।

(२) यो निर्देशिका गाउँकार्यपालिकाले स्विकृत गरेको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) ‘‘अध्यक्ष” भन्नाले रुरुक्षेत्र गाउँपालिका अध्यक्ष सम्झनुपर्दछ ।

ख) “सार्वजनिक निर्माण कार्य” भन्नाले प्रचलित कानून बमोजिम रुरुक्षेत्र गाउँपालिका वा रुरुक्षेत्र गाउँपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धि कार्य सम्झनु पर्दछ र सो शब्दले पुनः निर्माण तथा मर्मत तथा सम्भारको कार्य समेतलाई जनाउँछ ।

ग) “निर्माण व्यवसायी” भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएको (घ) वर्गको निर्माण व्यवसाय संचालन गर्ने फर्म वा कम्पनी सम्झनु पर्छ ।

घ) “इजाजत-पत्र” भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै निर्देशिका बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

ङ) “घ वर्गको निर्माण व्यवसायी नियमन गर्ने निर्देशिका २०७७” भन्नाले यस निर्देशिकाको नाम सम्झनु पर्छ ।

च) “संगठित संस्था” भन्नाले रुरुक्षेत्र गाउँपालिकाको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

छ) “प्राविधिक” भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार, प्रादेशिक तथा रुरुक्षेत्र गाउँपालिका तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

ज) “गुणस्तर” भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावकको स्वीकृतिकर्ताको बीच भएको संझौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्दछ ।

## परिच्छेद -२

## इजाजत-पत्र सम्बन्धि व्यवस्था

**३. इजाजत-पत्र :** (१) सार्वजनिक निर्माण कार्य गर्न चाहने ‘घ’ वर्गका निर्माण व्यवसायीले अनुसुची-१ बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजत-पत्रको लागि कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्त उपर निम्नानुसार समितिले बढीमा १५ दिन भित्र जाँचबुझ गरी इजाजत-पत्र दिन उपयुक्त देखिएमा कार्यालय समक्ष सिफारिस गर्नेछ ।

१. गाउँपालिका उपाध्यक्ष -संयोजक

२. वडा अध्यक्षहरु मध्येबाट अध्यक्षले तोकेको २ जना -सदस्य

४. कार्यपालिकाका महिला सदस्यहरु मध्येबाट अध्यक्षले तोकेको महिला सदस्य १ जना -सदस्य

५. प्रशासन शाखा प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) बमोजिम समितिबाट सिफारिस भै आएको दरखास्तलाई प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि-२ को ढाँचामा इजाजत-पत्र दिनेछ ।

(४) समितिबाट सिफारिस भई आएको ७ दिनभित्र गाउँपालिकाले इजाजत-पत्र वापत अनुसुचि -४ बमोजिमको ढाँचामा अभिलेख राखी अद्याबधिक गराई राख्नु पर्नेछ ।

**४. इजाजत-पत्रको अवधि र नविकरण :** (१) दफा २ बमोजिम प्रदान गरिएको इजाजत-पत्र दफा ४ बमोजिम खारेज भएको अवस्थामा बाहेक एक आर्थिक वर्षसम्म मान्य हुनेछ । इजाजत-पत्र जुनसुकै

मितिमा प्रदान गरेको भए तापनि सो आर्थिक वर्षको अन्त्यमा त्यस्तो इजाजत-पत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत-पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजत-पत्रको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको दस्तुर तिरी प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिई तोकिए बमोजिम इजाजत-पत्र नविकरण गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेको छ महिनाभित्र इजाजत-पत्र नविकरण गराउन चाहने निर्माण व्यवसायीले तोकिए बमोजिमको थप दस्तुर तिरी तोकिए बमोजिम इजाजतपत्र नविकरण गराउन सक्नेछ ।

४. इजाजत-पत्र खारेजी : (१) देहायको अवस्थामा समितिको सिफारिसमा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत-पत्र खारेज गर्न सक्नेछ :

क) झुट्टा विवरण पेश गरी इजाजत-पत्र प्राप्त गरेमा,

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण तथा कागजात पेश गरेमा,

ग) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

(२) उपदफा (१) बमोजिम इजाजत-पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टिकरण पेश गर्न मनासिब माफिकको मौका दिनु पर्नेछ ।

(३) दफा (३) को उपदफा (३) बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजत-पत्र स्वत: खारेज हुनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम इजाजत-पत्र खारेज भएकोमा त्यसको जानकारी सम्बन्धित फर्म वा कम्पनी दर्ता गर्ने कार्यलायलाई दिनु पर्नेछ ।

**५. इजाजत-पत्रको प्रतिलिपि दिने** : कुनै निर्माण व्यवसायीले 'घ' वर्गको इजाजत-पत्र हराए वा नासिएको कारणबाट 'घ' वर्गका निर्माण इजाजत-पत्रको प्रतिलिपि पाउन निवेदन गरेमा गाउँपालिकाबाट तोकिए बमोजिमको दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद -३

## निर्माण व्यवसायीको दायित्व

६. **निर्माण व्यवसायीको दायित्व** : (१) ठेक्का सम्झौतामा उल्लेखित शर्तहरुको अधिनमा रही सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको एकप्रति विवरण अनिवार्य गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) 'घ' वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

क) प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा एक लाख चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

ख) कर कार्यालयमा दर्ता भएको प्रमाणपत्र ।

ग) फर्मको नाममा खाता खोली रु. एकलाख जम्मा भएको बैंक भौचर ।

घ) फर्ममा काम गर्ने जनशक्तिको पूर्ण विवरण ।

जस्तो :

इन्जिनियर/सब इन्जिनियर

लेखासम्बन्धी काम गर्ने कर्मचारी

प्रशासन सम्बन्धि काम गर्ने कर्मचारी

ङ) कर्मचारीको योग्यता र नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

च) फर्मको कार्यमा पूर्ण/आंशिक समय दिन्छु भनी कर्मचारीसँग भएको करारनामा पेशगर्नुपर्ने ।

छ) फर्मसँग रहेका उपकरण पेश गर्नुपर्नेछ । उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पेश गर्नुपर्नेछ ।

ज) उपकरण ठिक छ भनी प्रमाणित गर्ने मेकानिकल इन्जिनियर कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको र नेपाल इन्जिनियरिङ्ग एसोसियसनको सदस्यताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने ।

झ) कम्तिमा तपशिल बमोजिमका उपकरण भएको हुनुपर्ने तथा उपकरण बिमा गरेको हुनुपर्ने ।

अ) लेबल मेसिन

आ) वाटर पम्प

इ) भाइब्रेटर

पुष्ट्याईं : लेवल मेसिन भन्नाले जमीन वा सतहको समतल वा स्लोप पत्ता लगाउन प्रयोग गरिने मेसिन बुझिनेछ ।

(४) यस निर्देशिका जारी हुनुअघि ईजाजत अन्यत्रबाट ईजाजत लिई काम गरेका निर्माण व्यवसायीहरुले यस दफा बमोजिमको प्रावधान २ वर्षभित्र पुरा गर्ने शर्तमा ईजाजत प्रदान /नवीकरण गर्न सकिनेछ ।

७. यस निर्देशिकामा उल्लेख भएका विषयहरु यसै निर्देशिका बमोजिम हुनेछ तथा संघीय र प्रादेशिक कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । गाउँ कार्यपालिकाले आवश्यकतानुसार यस निर्देशिकामा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

## अनुसूची -१
(दफा ३को उपदफा १ सँग सम्बन्धित)

### विषय : इजाजत -पत्र पाउँ भन्ने बारे

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रुरुक्षेत्र गाउँपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, ५ नं. प्रदेश नेपाल ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिम सार्वजनिक निर्माण कार्य गर्नका लागि इजाजत-पत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको

नाम:
ठेगाना :
पोष्ट बक्स नं. :
टेलीफोन नं. :

२. फर्म वा कम्पनीको प्रकृति (कोष्ठमा रेजा लगाउनु पर्नेछ )

☐ प्राइभेट लिमिटेड कम्पनी ☐ पब्लिक लिमिटेड कम्पनी
☐ एकलौटी

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको

नामथर :
ठेगाना : पोष्टबक्स नं. इमेल
टेलिफोन नं. फ्याक्स नं.

४. फर्म वा कम्पनीको विवरण :

दर्ता नं.: दर्ता मिति :
अधिकृत पूँजी : जारी पूँजी :
दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. इजाजत-पत्र लिन चाहेको वर्ग :
६. सामुहिकरण हुन चाहेको समूह :
७. आर्थिक श्रोतको विवरण :

| | रकम | वित्तिय संस्था (बैंकको नाम) |
|---|---|---|
| स्थानीय ओभरड्राफ्ट | | |
| मुद्धति खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको विवरण

क) प्राविधिक

ख) अप्राविधिक

१)

२)

ग)) अन्य

९. कामदार वा कर्मचारीसँग गरिने करारनामा सम्झौताको नमूना

**सम्झौता -पत्र**

म.......................................................को हैसियतको श्री ..................................................... को फर्ममा मिति .......................................देखि ..........................को हैसियतमा काम गर्नेछु । मेरो शैक्षिक योग्यताको सक्कल प्रमाणपत्रको प्रमाणित प्रतिलिपी यसैसाथ पेश गरेको छु । म यस फर्ममा पुरा /आंशिक समय काम गर्नेछु । हाल कुनै सरकारी वा अन्य संगठित सार्वजनिक संस्थामा कार्यरत छैन । ....................................... फर्मको प्रोप्राइटर संचालकको हैसियतले निज ....................................... लाई ......................................... पदमा लगाउन मञ्जुर भई हामी दुबै पक्षबाट मञ्जुरी गरी यो सम्झौता पत्र गरिदियौं ।

| फर्मको तर्फबाट | कर्मचारीको तर्फबाट |
|---|---|
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |

१०. यस अघि सम्पन्न गरेको कामको विवरण

| सि.नं. | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम |
|---|---|---|---|---|
| १. | भवन निर्माण तथा मर्मत संभार | | | |
| २. | सडक निर्माण तथा मर्मत संभार | | | |
| ३. | विमानस्थल निर्माण तथा मर्मत संभार | | | |
| ४. | बाँध, नहर, जलाशय, पानी टंकी तथा ढल निर्माण पाइप विछ्याउने तथा मर्मत संभार | | | |
| ५. | सुरुङ्ग, भूमिगत मार्ग तथा जलाशय ( टनेल) निर्माण तथा मर्मत संभार | | | |
| ६. | विद्युत लाइन, निर्माण पावर स्टेशन निर्माण तथा मर्मत संभार | | | |
| ७. | हाईड्रोलिक स्ट्रक्चर | | | |
| ८. | पुल निर्माण तथा मर्मत संभार | | | |
| ९. | अन्य | | | |

११. करचुक्ता गरेको प्रमाण कागजातहरु :

क)

ख)

ग)

१२. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धि सवारी मेशिनरी औजारको विवरण :

| सि.नं. | नाम तथा विवरण | दर्ता नं. | क्षमता | संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री.................................................. सँग राम्रो र चालू अवस्थामा रहेको र तिनको वास्तविक मूल्य उल्लेख भए बमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने प्राविधिक (मे.ई.) को सही :

पुरा नामथर :

कार्यालय :

मिति :

उपरोक्त मुल्य अनुसारका निर्माण मेशिनरी तथा उपकरणहरु ठे.श्री.................................................. सँग राम्रो र चालू अवस्थामा रहेको र तिनको वास्तविक मूल्य उल्लेख भए बमोजिम भएको व्यहोरा प्रमाणित गर्दछु ।

ठे. तर्फबाट प्राविधिक सिभिल ईन्जिनियर वा ओभरसियरको सही :

पुरा नामथर :

मिति :

द्रष्टव्य : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेसिनरी औजारहरु चालू हालतमा रहेको छ भनी मेकानिकल इन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ । यस दरखास्त फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुट्ठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

निर्माण व्यवसायीको छाप :

दरखास्तवालाको नाम :

दस्तखत :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नुपर्नेछ ।

अनुसूचि -२

(दफा ३ को उपदफा ३सँग सम्बन्धित)

**रुरुक्षेत्र गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

बलेटक्सार, गुल्मी

५नं. प्रदेश नेपाल

# इजाजत-पत्र

मुखाकृति देखिने गरी हालसालै खिचेको फोटो

**इजाजत -पत्र नं.**..........................................

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड छ (१०) बमोजिम निर्माण व्यवसाय सञ्चालन गर्न रुरुक्षेत्र गाउँपालिका वडा नं.......,.................... स्थित कार्यालय भएको .श्री ....................................................फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान गरिएको छ ।

प्रोप्राईटर श्री ...........................

घ वर्ग

(यस वृतभित्र कुन वर्ग लेख्नुपर्ने हो सोही लेख्ने)

**इजाजत-पत्र दिने अधिकारीको**

दस्तखत :

नाम :

पद :

कार्यालय :

**नोट :**

१. ईजाजतपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ ।

२. नवीकरण गर्ने म्याद आ.व. शुरु भएको तीन महिना हुनेछ ।

## नविकरण

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहेको अवधि | नविकरण दस्तुर, भौचर नं. र मिति | फाँटवाला | नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**अनुसूचि -३**

(दफा ३ को उपदफा १ सँग सम्बन्धित )

| क्र.सं. | इजाजतपत्र दस्तुर | इजाजतपत्र नविकरण दस्तुर | इजाजतपत्र प्रतिलिपि दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १. | २५००० /- | १६,००० / | ५०० / | |

**अनुसूचि -४**

(दफा ३ को उपदफा ४)

**रुरुक्षेत्र गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

बलेटक्सार, गुल्मी

५नं. प्रदेश नेपाल

**'घ' वर्गको निर्माण व्यवसायीको इजाजत पत्रको दर्ता वा नविकरण रजिष्टर**

| इजाजत पत्र नं. | दर्ता वा नविकरण मिति | फर्म वा कम्पनीको नाम र ठेगाना | व्यवसायीको नाम र ठेगाना | ना.प्र.नं. जारी मिति र जिल्ला | फर्मको PAN वा VAT नं. | दर्ता वा नविकरण बहाल रहने अवधि | दर्ता वा नविकरण दस्तुर र भौचर नं. | फाँटवालाको नाम र दस्तखत | व्यवसायिको फोटो | फोटोमा पर्ने गरी दर्ता वा नविकरण गर्ने अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

आज्ञाले

गाउँ कार्यपालिका बाट स्विकृत मिति :२०७७/०५/२

चेतनाथ गिरी

प्रमुख प्रशासकीय अधिकृत